## दिगो व्यवस्थापनका सम्भावनाहरु



विउ र गानोबाट बिरुवा उमार्न सकिने भएको हुँदा सतुवाको पुनरुत्पादन त्यती कठिन नभएपनि अत्यधिक चरिचरण, डढेलो, खडेरीका साथै देख्ने बित्तिकै अनियमित र अवैज्ञानिक तरिकाले संकलन गर्ने प्रचलन भएका कारण वन क्षेत्रमा बिरुवाहरु हुर्कन कठिन हुने भएकाले सतुवाको स्व-स्थानीय संरक्षण र व्यवस्थापन कठिन हुने गरेको छ। यसको दिगो र लाभदायी व्यवस्थापनका लागि परस्थानीय विधि (ex–situ conservation/ domestication) उपयुक्त र प्रभावकारी हुने देखिएको छ। रोल्पाको उवा (थवाङ गा.पा. वडा नं ४ र ५) र पाछावाङ (परिवर्तन गा.पा. वडा नं ४) का केही किसानहरुले सतुवाको खेती गर्ने जमर्को गरेको पाइएको छ। तथापि स्थानीयहरुमा प्राविधिक ज्ञान सिपको अभाव र सरकारी प्रोत्साहनको कमीका कारण अपेक्षाकृत उत्पादन हुनसकेको छैन। रोल्पामा



सतुवाको दिगो व्यवस्थापन गरि आयआर्जनको भरपर्दो स्रोतका रुपमा विकास गर्न निम्न कुराहरु गर्नु पर्दछः-

१. स्वस्थानीय संरक्षणका लागि प्राकृतिक रुपमा सतुवा पाउने क्षेत्रहरुको पहिचान गर्ने।
२. पहिचान गरिएका क्षेत्रमा सहभागितामुलक विधि अपनाई संरक्षणका कार्यहरु गर्ने।
३. सतुवा संरक्षण र व्यवस्थापनमा परस्थानीय विधि (ex–situ conservation) लागू गरीखेती विस्तार गर्ने।
४ उपयुक्त भुगोल, हावापानी र माटो भएका स्थानहरुमा स्थानीयहरुको संयन्त्र बनाई प्राबिधिक तालिम र अनुदान दिने।
५ उत्पादित गानो तथा फल बिउहरुको बजारीकरणमा सहकारी मोडल लागू गरी बजार र मूल्यलाई भरपर्दो बनाउने। खेतीको विमा गर्ने व्यवस्था मिलाउने।
६ निजी नर्सरीहरुलाई प्रवर्द्धन र प्रोत्साहन गर्दै विरुवा उत्पादनमा जोड दिने।



*परिवर्तन ४ रोल्पाको भिउजी पाखा क.व. का उपभोक्ताहरु संग सतुवा स्व-स्थानीय संरक्षण अवलोकन*

डिभिजन वन कार्यालय रोल्पाले आ.व. २०७८/७९ बाट स्थानीय स्तरमा उपलब्धताको आधारमा थवाङ गाउँपालिकाको उवा र रोल्पा नगरपालिका-१०, पेवा बल्लेदह सामुदायिक वन उपभोक्ता समूहका सतुवा खेतीतर्फ अग्रसर किसानहरु र परिवर्तन गाउँपालिकाको पाछावाङ स्थित भिउजीपाखा कबुलियती वनका उपभोक्ताहरुको भिन्न-भिन्नै सञ्जाल बनाई विरुवा उत्पादन र खेती बिस्तारका लागि आवश्यक परामर्श, तालिम र अनुदान दिइ स्व-स्थानीय संरक्षण विधि अपनाई लोप हुन नदिने र भविष्यमा यसको दिगो व्यवस्थापन गर्न सकिने गरी अवश्यक पहल शुरु गरेको छ। आगामी आर्थिक वर्षहरुमा पनि यस अभियानलाई निरन्तरता दिने हिसाबले वन उपभोक्ता समूहहरुसँग छलफल गर्ने, संरक्षण र खेती बिस्तार तर्फ आवश्यक योजना तयारीका साथ डिभिजन वन कार्यालय अगाडि बढेको छ। परस्थानीय संरक्षण तर्फ डिभिजन वन कार्यालय अन्तर्गतको मेवाङ नर्सरीमा ५०० वटा गानो सहितका विरुवा रोपण गरिएको छ। रोपण गरिएका विरुवाहरुको उचित व्यवस्थापन गरी आगामी बर्षदेखि निरन्तर सतुवाको विउ उत्पादन गर्ने र सो बाट विरुवा उत्पादन गर सामुदायिक वन, कबुलियती वन र सतुवा खेती गर्न चाहने किसानहरुलाई सतुवाको विरुवा निःशुल्क वितरण गर्ने लक्ष लिइएको छ।

थप जानकारी आवश्यक भएमा **डिभिजन वन कार्यालय, रोल्पा**मा सम्पर्क गर्नुहुन अनुरोध छ।

# रोल्पामा बहुउपयोगि वनस्पति सतुवाः दिगो व्यवस्थापनका चुनौती र सम्भावनाहरु




**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**

## डिभिजन वन कार्यालय रोल्पा

फोननं.:०८६-४४०११२, ९८५७८२४११२, ९८५७८७७०१८
Email: dforolpa12@gmail.com | www.dforolpa.gov.np

## वानस्पातिक परिचय



तस्वीर १ : सतुवाका बोटहरु

सतुवा एउटा परम्परागत रुपमा प्रयोग गरिने बहुमुल्य बहुबर्षिय जडिबुटी हो । यसको वैज्ञानिक नाम- पेरिस पोलिफाइला (Paris polyphylla) हो । स्थानीय रुपमा यसलाई फरक फरक नामले चिनिन्छ जस्तै सत्वा, धुम्वामेन्दो (शेर्पा), नाताधाय (तामाङ) आदि । संस्कृतमा यसलाई हैमवतीवाचा भनिन्छ । यसको काण्ड (गानो)मा विभिन्न किसिमका औषधीजन्य रासायनिक तत्वहरु पाइने हुनाले यसलाई बहुउपयोगी जडिबुटीको रुपमा चिनिन्छ । ३० देखि ६० से.मी. अग्लो हुने यो वनस्पतिको गानो जडिबुटीको रुपमा उपयोग गरिन्छ । गानो समतल (Horizantal) भएर जमिनमुनि फैलिएको बाहिरी भाग खैरो र भित्री भाग सेतो र हल्का पँहेलो रङको खण्ड-खण्ड परेको हुन्छ । गानोका खण्डहरुले कतिबर्ष पुरानो हो भन्न सकिन्छ । काण्डका गाँठाहरुबाट फागुन र चैत महिनामा टुसाहरु पलाउँछन् । गानो १७ से.मी. सम्म लामो र ४ से.मी. सम्म मोटो हुनसक्दछ । सतुवाको डाँठ सिधा र हाँगा नभएको हुन्छ । कमलो डाँठ सेतो र छिपिए पछि हरियो प्याजी रङको हुन्छ । गुचुमुचु परेका (एउटै आँख्लाबाट पलाएका) पातहरु डाँठबाटै पलाएका हुन्छन् र अण्डाकृत आकारका हुन्छन् । पातहरुको घेराबाट फूलफुल्ने डाँठ सुरिलो भएर निस्किन्छ र माकुराको जालो जस्तो फूल फुल्दछ । फूलका तर्लीहरु हरियो र पँहेलो रंगको हुन्छ । मौसम अनुसार चैतदेखि आषाढ सम्ममा फूल फुल्दछ र कार्तिक महिनामा फल पाकेर संकलनयोग्य हुन्छ ।

## फैलावट

सतुवा विशेषगरी नेपाल, चीन, भुटान, भारत लगाएत एसियाली देशहरुमा समुद्री सतहबाट १८००-३५०० मिटर सम्मको उचाई र लेकाली हावापानी भएका क्षेत्रहरुमा पाइन्छ । नेपालमा लालीगुँरास, खर्सु, ठिंग्रेसल्लाहरुको जङगलतिर सेपिलो भू-भाग, चट्टानी भिरालो, अनि खोला-नालाको किनारमा पाइन्छ । नेपालमा पूर्व देखि पश्चिम सम्मका लेकहरुमा पाइने भएता पनि पश्चिमी भन्दा पूर्वी पहाडी जिल्लाहरुमा बढीमात्रामा पाइने गरेको छ ।

## उपयोगिता

सतुवाको गानो (Rhizome) औषधिय गुणयुक्त हुने हुनाले जडिबुटीका रुपमा यसको उपयोग हुँदै आएको छ । गानो खासगरी जुका/चुर्ना मार्ने, खोकी, घाँटी दुखेको, पेट दुखेको, आँउ लाग्दा, घाउँ निको पार्न, खाना पचाउँन र तागतको औषधीको रुपमा प्रयोग हुने गरेको पाइन्छ । जीउ दुख्दा, चिलाउँदा, सर्पले टोकेको, वान्ता आउँदा, ज्वरो, हड्डी भाँचिएको अवस्थामा पनि यसको उपयोग हुने गरेको छ । धतुरो र रक्सीको नशा कम गर्न परेमा पनि गाउँघरमा यसको गानो खोजेर खाने गरेको पाइएको छ । सतुवाको सुकाएर राखेको गानाको २-३ ग्राम चपाएर मनतातो पानी सँग खादा पेटको प्रायः सबै रोगमा लाभ पुऱ्याउँछ भन्ने भनाई पनि छ । गानोलाई सुकाएर घोटेर लेदो बनाई काटेको ठाउँ वा अन्य चोटपटक लागेको ठाउँमा लगाउन पनि सकिन्छ । सुकेको गानोलाई बिहान-बेलुका आधा-एक ग्राम दिनको २ पटक खाने गर्दा रोग निवारक औषधी प्रभावशाली बन्छ र छिटो रोगबाट मुक्त भइन्छ भन्ने आम जनविश्वास रहेको छ ।



*थवाङ-४, रोल्पाको उवामा किसानले गरेको सतुवा खेती ।*

## रोल्पामा उपलब्धता

विगतमा रोल्पाका २००० मिटर भन्दा उचाईमा रहेका प्राय सबै सेपिलो वन, खोलाखोल्सी र वारीकान्लामा पाइने यो बहुउपयोगी वनस्पति हाल लोपहुने अवस्थामा पुगेको छ । डिभिजन वन कार्यालय रोल्पाको विगत देखिका पञ्च वर्षिय योजनाहरुमा वार्षिक १००० के.जी. सम्म वनक्षेत्रबाट सतुवाको जरा निकासी गर्न सकिने उल्लेख भएकोमा कार्यालयको रेकर्ड अनुसार आ.व. २०७०/०७१ देखि २०७८/०७९ सम्म कुल १७०१ के.जी. मात्र सतुवाको जरा निकासी भएको पाइन्छ । वन कार्यालयले हालै गरेको अध्ययनमा रोल्पाका थवाङ र परिवर्तन गा.पा. का वन क्षेत्रहरुमा मात्र छुटपुट रुपमा सतुवा पाइएको छ । निजी जग्गामा भने सतुवा हराई सकेको छैन । खासगरी थवाङको उवा (वडा नं. ४ र ५) क्षेत्र, रोल्पा नगरपालिका वडा नं. १० को पेवा वल्लेदह र परिवर्तन गा.पा. को पाछावङ




*परिवर्तन ४ रोल्पाको भिउजी पाखा क.व. मा पाईएको सतुवाका बोटहरु ।*

(वडा नं. ४) क्षेत्रका स्थानीयहरुले सतुवाको खेती गर्न सुरु गरेको पाइएको छ । तथापि निजी आवादीबाट हालसम्म जिल्ला बाहिर निकासी भएको अधिकारिक तथ्याङ्क उपलब्ध छैन । वन क्षेत्रमा हाल के-कस्तो अवस्थामा पाइन्छ भनि डिभिजन वन कार्यालय रोल्पाले गरेको अध्ययन अनुसार परिवर्तन गाउँपालिकाको पाछावाङ (वडा नं. ४) स्थित भिउजीपाखा कबुलियति वन भित्रको बाह्रैमास पानी रहिरहने उत्तिसघारीमा प्राकृतिक रुपमा भेटिएको छ । माथि दिइएको तस्वीरमा देखिएका सतुवाका वोटहरु र पुनरुत्पादित विरुवाहरु हेर्दा यो क्षेत्र सतुवाको स्वस्थानीय संरक्षण र विस्तारका लागि अति उपयुक्त स्थान भएको भन्न सकिने अबस्था छ । त्यसै गरी रोल्पा नगरपालिका वडा नम्बर १० अन्तर्गत पेवा बल्ले दह सामुदायिक वन उपभोक्ता समूहका किसानहरुले पनि नजिकको वन क्षेत्रबाट बिउ र विरुवा ल्याई खेती बिस्तार गर्ने प्रयास गरेको पाइएको छ । थवाङको मिरुल क्षेत्रमा पनि किसानहरुले परम्परागत उपचारको प्रयोजनका लागि सतुवाका बिरुवाहरु घरका बारीकान्लामा संरक्षण गरि राख्ने गरेको पाइएको छ ।

## सरक्षणका चुनौतीहरु

बहुउपयोगि गुण र सजिलै बिक्री हुने भएका कारण सतुवाको स्व-स्थानीय संरक्षण अति चुनौतिपूर्ण हुँदै आएको छ । पाएसम्म स्थानीयहरुले घरघरमा उपयोगमा ल्याउने भएका कारण अनियन्त्रित संकलन रोक्न अति कठिन हुनेगरेको छ । त्यस्तै स्थानीयको भनाई अनुसार प्रति किलोग्राम ८,००० देखि १०,००० रुपयाँ सम्ममा गाउँ घरमै बिक्री हुनेहुँदा अनियमित व्यापार नियन्त्रण कार्य ठूलो चुनौतिको रुपमा रहिअएको छ । यी दुई मुख्य कारणका अलवा वन विनाश र अत्यधिक चरिचरण पनि सतुवा संरक्षणमा देखिएका चुनौतिहरु हुन् । वर्षेनी वनमा लाग्ने आगो र अत्याधिक खडेरीका कारण स्व-स्थानीय पुनरुत्पादनमा ह्रास आउने कुरा स्थानीयहरु संगको अन्तरक्रिया बाट थाहाहुन आएको छ ।